# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०७८/०७९
चलानी नं. १२४८

**विषय : गुनासो सुनुवाई अधिकारीको दरखास्त आह्वान सम्बन्धी सूचना ।**

*(प्रथम पटक प्रकाशित मिति :- २०७८/०९/२२)*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको **"गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन, २०७८"** बमोजिम करार सेवामा २ (दुई) जना गुनासो सुनुवाई अधिकारी आवश्यक रहेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपशील बमोजिम यस सिद्धलेक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील**

| विज्ञापन नं. | पदको नाम | माग संख्या | न्यूनतम योग्यता तथा आवश्यक कागजात | शुल्क |
|---|---|---|---|---|
| ०२/०७८/०७९ | गुनासो सुनुवाई अधिकारी (सहायक पाँचौं) | २ (दुई) | १. लोक सेवा आयोगले रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक)तर्फ तोकेको योग्यता अनुसार।<br>२. कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।<br>३. पुरुषको हकमा उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।<br>४. गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रममा नियुक्त भई कार्य अनुभव भएका सुपरीवेक्षक र गणकलाई विशेष प्राथमिकता दिईनेछ ।<br>५. यस गाउँपालिका क्षेत्रका उम्मेदवारलाई प्राथमिकता दिईनेछ । | रु. ५००/- (अक्षेरुपी पाँच सय रुपैयाँ मात्र) |

**उपरोक्त पदको लागि :-**

- परीक्षाको किसिम मौखिक हुनेछ ।
- दरखास्त दिने अन्तिम मिति २०७८/०९/२८ गतेसम्म ।
- सेवा सुविधा गाउँपालिकाको नियमानुसार हुनेछ ।
- कार्य अवधि सम्झौता भएको मितिले २ (दुई) महिनाको लागि मात्र हुनेछ ।
- अन्तरवार्ता मिति २०७८/०९/२९ गते बिहिबार दिनको १२:०० बजे हुनेछ ।
- स्थान :- सिद्धलेक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बुङचुङ, धादिङ ।
- अन्तरवार्ताको दिन आवश्यक सक्कल कागजात सहित तोकिएको स्थानमा उपस्थित हुनुपर्नेछ ।

(नन्दलाल शर्मा) २०७८।९।२२
प्रमुख प्रशासकीय अधिकृत